रौतामाई गाउँपालिका
Rautamai Rural Muncipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भुट्टार, उदयपुर
Bhuttar, Udayapur

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
स्था:२०७३
Estd: 2073

प.स(Ref N.):-०८२/०८३
च.न (Dispatch N.):-

मितिः २०८३।०३।२६

**विषयः मौजुदा सूचीमा सूचिकृत हुन आउने सम्बन्धी सूचना।**

यस पालिकाको लागि आ.व. ०८३/०८४ मा आवश्यक पर्ने **मालसामानहरु, निर्माण कार्य, परामर्श सेवा तथा अन्य सेवा** उपलब्ध गराउन इच्छुक ईजाजत प्राप्त दर्तावाल **ब्यक्ति/फर्म/आपूर्तिकर्ता/कम्पनी/निर्माण व्यवसायी/संस्थाहरुबाट** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १८ अनुसार मौजुदा सूचीमा सूचिकृत हुनका लागि सोही नियमावलीको अनुसूची २ क बमोजिमको ढाँचामा(निवेदनको ढाँचा यसै साथ संलग्न छ) तपसिलका आवश्यक कागजातहरु सहित निवेदन दर्ता गराउनहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । आफुले गर्न चाहेको कार्यको लागि विषयगत छुट्टा छुट्टै निवेदन दर्ता गराउनु पर्ने छ। रित नपुगी आएका निवेदनलाई मान्यता दिईने छैन।

**तपसिल**

१. संस्था वा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि
२. ब्यवसाय दर्ता वा इजाजत पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर(PAN) वा मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. आ.व. ०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि (असोज मसान्त भित्रको हकमा) र असोज मसान्त भन्दा पछाडि ०८२/०८३ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा अन्य विवरणको प्रमाणित कागजात
५. रु १०००।(अक्षरुपी एक हजार मात्र) को राजश्व जम्मा गरेको भौचर (कार्यालयको राजश्व बै.खा.नः Ga-1.1 Rautamai Ga.Pa. Antarik Rajaswo Khata 215015239600035 प्रभु बैंक रौतामाई शाखा)

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत